Ph.No.०७८५४०४१२

श्री Email:-info.dcnawalpur@supremecourt.gov.np

# नवलपुर जिल्ला अदालत

## कावासोती

पत्र. संख्या ०७६/०७७

चलानी नं.

मितिः-२०७७।०३।०७

# सूचना ! सूचना!! सूचना!!!

कोभिड-१९ को महामारीको कारण सरकारद्वारा जारी भएको बन्दाबन्दीको अवधिमा सम्मानीत श्री सर्वोच्च अदालतको मिति २०७६।१२।०७, मिति २०७७।०१।२८ समेतको निर्देशन तथा यस अदालतका माननीय जिल्ला न्यायाधीश श्री अर्जुन अधिकारीज्यूको अध्यक्षतामा जिल्ला सरकारी वकिलको कार्यालय, नवलपरासी (व.सु.पू.) तथा नेपाल बार एशोसिएसन नवलपुर जिल्ला अदालत, वार इकाईका पदाधिकारीहरुसमेतको सहभागितामा मिति २०७७।०२।२५ र मिति २०७७।०३।०७ का दिन बसेको बैठकले गरेको निर्णय समेतबाट मिति २०७७।०३।०८ गतेदेखि लागू हुने गरी यस अदालतबाट देहायबमोजिमको सेवाहरु प्रवाह हुने बेहोरा सरोकारवाला सबैमा जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**देहायः**

१) सम्मानीत सर्वोच्च अदालतको मिति २०७७।०२।१५ को बन्दाबन्दी सम्बन्धमा बृहतपूर्ण इजलासले गरेको आदेशले निर्देशित गरेका मुद्दाका पक्षहरुको सुविधा सम्बन्धी व्यवस्थाहरुमा अनुपस्थित पंक्षको हकमा कुनै प्रतिकुल असर नपर्ने गरी अंग पुगीसकेका फैसला हुन बाँकी रहेका मुद्दाहरु तथा फैसला कार्यान्वयन सम्बन्धी सुनुवाई गर्ने कार्य।

२) बन्दीप्रत्यक्षीकरणको रिट निवेदन/ कोरोना सम्बन्धी रिट निवेदन दर्ता तथा सोको सुनुवाई लगायतका अन्य कार्यहरु।

३) बालबालिकालाई अभिभावकको जिम्मा लगाउने निवेदन दर्ता तथा सो सम्बन्धि अन्य कार्यहरु।

४) मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ नं. बमोजिमका निवेदन दर्ता तथा सो सम्बन्धि अन्य कार्यहरु।

५) पक्राउ पुर्जी अनुमति, जरुरी पक्राउ पुर्जीको समर्थन, म्याद थप, कल डिटेल अनुमति सम्बन्धि कार्यहरु।।

६) अभियोगपत्र दर्ता, प्रतिवादीको वयान तथा थुनछेक सम्बन्धि कार्यहरु।

७) चालु मुद्दाहरुको मिलापत्र, मुद्दा फिर्ता, बन्दाबन्दी शुरु हुनु अगावै मुद्दाको पक्षले तारेख छोडेका मुद्दाको डिसमिस र तामेली आदेश गर्ने लगायतका कार्यहरु ।

Ph.No.०७८५४०४१२
श्री Email:-info.dcnawalpur@supremecourt.gov.np

# नवलपुर जिल्ला अदालत
## कावासोती

पत्र. संख्या ०७६/०७७
चलानी नं. मितिः-२०७७।०३।०७

८) सम्बन्ध विच्छेद सम्बन्धी मुद्दाको सन्दर्भमा मिलापत्र गर्ने प्रयोजनका लागि दुवै पक्षहरु उपस्थित भई फिरादपत्र, प्रतिउत्तरपत्र एवम् मिलापत्र गरीपाउँ भन्ने संयुक्त दरखास्तपत्र आएमा उक्त सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा दर्ता गरी मिलापत्र सम्बन्धी आवश्यक कार्य।

९) मुद्दामा प्रमाण बुझी अंग पुगिसकेका र सुनुवाईका प्रकृयामा अदालतको आदेशले बाल सुधार गृहमा रहेका बालबालिका मात्र संलग्न रहेका फौजदारीको मूद्दाको सुनुवाई सम्बन्धि कार्य।

१०) बन्दाबन्दिको समयमा मुद्दा फैसला हुन नसकी अभियोग पत्रमा दावी लिईएको हुने सजाय भन्दा बढी कैद अवधि थुनामा बसेको वा हुन सक्ने प्रतिवादीका हकमा प्रमाण बुझी अंग पुगिसकेको भए त्यस प्रकृतिको मुद्दाको सुनुवाई सम्बन्धि कार्य ।

११) फरार प्रतिवादीहरु स्वयं उपस्थित भएको निवेदन/ पक्राउ परी प्रहरीले उपस्थित गराएकोमा त्यस्ता प्रतिवादीको बयान तथा थुनछेक गर्ने सम्बन्धि कार्य ।

१२) कसूर कायम भै सजाय पूर्वको प्रतिवेदन प्राप्त भैसकेको वा सहज रुपमा प्राप्त हुने अवस्था भएमा सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दाहरुको सुनुवाई सम्बन्धि कार्य ।

१३) सबै प्रतिवादीहरु अदालतको आदेशले थुनामा रहेका र उक्त मुद्दामा प्रमाण बुझी अंग पुगी सकेको भए त्यस्ता थुनुवा मुद्दाहरुको सुनुवाई सम्बन्धि कार्य ।

१४) अदालतबाट ठहरेको कैद र जरिवाना असूलउपर गर्ने तथा अदालतमा राखेको धरौटी रकम नियमानुसार फिर्ता दिने कार्य ।

१५) फैसला, आदेश तथा मिसिल संलग्न कागजातहरुको नक्कल उपलब्ध गराउने कार्य।

१६) दशीका रुपमा अभियोगपत्रसाथ पेश भै आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका समान फिर्ता माग गर्न आएमा फिर्ता दिने सम्बन्धी कार्य ।

१७) घरेलु हिंसा कसूर र सजाय ऐन, २०६६ को दफा ५(२) बमोजिम दर्ता हुन आएका मुद्दा दर्ता सम्बन्धी कार्य ।

१८) बन्दाबन्दीको अवस्था लागु हुनु पूर्व मेलमिलापको लागि आदेश भएका मुद्दाहरुमा मुद्दाको दुवै पक्षहरु हाजिर भएमा मेलमिलापसम्बन्धि छलफल गराउने कार्य।

१९) सबै प्रकारका विशेष प्रकृतिका निवेदनहरु (जस्तोः दर्ताद्वारा विवाह, अधिकृत वारेसनामा प्रमाणित, जग्गा रोक्का तथा फुकुवा, मु.फौ.कार्यविधि,२०७४ को दफा ७३ बमोजिमका निवेदन, माथवर नियुक्ति आदि) दर्ता गर्ने तथा सो सम्बन्धि अन्य कार्य।

२०) निषेधाज्ञाको निवेदन दर्ता गर्ने तथा सो सम्बन्धी अन्य आवश्यक कार्यहरु।